www.ganyapadhuramun.gov.np email: ganapdhurarm@gmail.com mobile : 9858788707

# गन्यापधुरा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

गणेशपुर, डडेल्धुरा
सुदूरपश्चिम प्रदेश, नेपाल

प.सं. २०८३/०८४
च.नं.

मितिः २०८३।०५।०९

**विषयः विशेषज्ञ सूचीमा सूचीकृत हुने सम्बन्धी सूचना।**

प्रस्तुत विषय सम्बन्धमा यस गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुमा रिक्त हुने प्रधानाध्यापक नियुक्ति, स्वीकृत शिक्षक दरबन्दी, राहत अनुदान, शिक्षण सहयोग अनुदान शिक्षक कोटा तथा बालविकास शिक्षक पदमा करार शिक्षक नियुक्तिका लागि सिफारिस गर्न तथा शिक्षक पदको प्रतीक्षा सूची तयार गर्नका लागि शिक्षक छनौट समितिमा विशेषज्ञको लागि सूची दर्ता गर्नुपर्ने भएकोले सूचीकृत हुन चाहने विश्वविद्यालय/क्याम्पसका प्राध्यापक/ प्रशिक्षक तथा सामुदायिक विद्यालयका शिक्षकहरुले सूचीकृत हुन चाहेको तह र विषय उल्लेख गरी मिति २०८३।०५।३० गतेसम्म कार्यालय समयभित्र तपसिल बमोजिमका कागजातहरु सहित यस कार्यालयको शिक्षा, युवा तथा खेलकुद शाखा वा email address : educationgrm547@gmail.com मा निवेदन पेश गर्न हुन सम्बन्धित सबैका लागि यो सूचना प्रकाशित गरिएको छ।

मीन बहादुर बिष्ट
नि. प्रमुख प्रशासकीय अधिकृत
नि. प्रमुख प्रशासकीय अधिकृत

**तपसिलः**

१) निवेदन
२) स्थायी नियुक्ति पत्रको स्वप्रमाणित प्रतिलिपि
३) शैक्षिक योग्यताको प्रमाणपत्रका स्वप्रमाणित प्रतिलिपिहरु
४) नेपाली नागरिकताको प्रमाणपत्रको स्वप्रमाणित प्रतिलिपि
५) वैयक्तिक विवरण र विशेषज्ञ हुन योग्य रहेको व्यहोरा सम्बन्धी स्वघोषणा पत्र
६) सम्बन्धित तहमा शिक्षण अनुभव पुष्ट्याइँ हुने सम्बन्धित शिक्षण संस्थाको सिफारिस पत्र

**पुनश्च :**

- बालविकास तथा आधारभूत तहका लागि सूचीकृत हुन शिक्षाशास्त्र विषयमा कम्तीमा स्नातक तह वा सो सरह र माध्यमिक तहका लागि सूचीकृत हुन शिक्षाशास्त्र विषयमा कम्तीमा स्नातकोत्तर तह वा सो सरह उत्तीर्ण गरेको हुनुपर्नेछ।
- माथिल्लो तहमा सूचीकृत भएको विशेषज्ञ तोकिए अनुसार तल्लो तहका निम्ति स्वतः सूचीकृत भएको मानिनेछ।

CS CamScanner